# मादी गाउँपालिका
# स्थानीय राजपत्र

## मादी गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड २ संख्या १६ पौष ९ गते, २०७५ साल**

# भाग २

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मादी गाउँ कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**संवत् २०७५ सालको कार्यविधि नं. १६**

## अध्यक्षसँग युवा स्वारोजगार कार्यक्रम (युवा स्वरोजगार कोष) सञ्चालन कार्यविधि, २०७५ (पहिलो संशोधन, २०७७)

प्रस्तावना :

गाउँपालिकाभित्रका युवाहरू रोजगारीका लागि विदेशिने या शहर प्रवेश गर्ने प्रवृत्ति बढ्दै जाँदा स्थानीय रूपमा उपलब्ध स्रोत तथा साधन उपयोग नहुने, उत्पादकत्व कम हुने, घरघरमा युवाहरू होइन वृद्धवृद्धा र केटाकेटीसहितका महिलाहरू मात्र बाँकी रहने अवस्था सिर्जना भएको छ। यस्तो प्रवृत्तिले गाउँको दीर्घकालीन विकासमा अवरोध सिर्जना भएको छ । यसलाई परिवर्तन गरी स्थानीयस्तरमा उपलब्ध स्रोत तथा जनशक्तिको प्रयोग गरी स्वदेशमा नै रोजगारीका अवसर सिर्जना गर्दै गरिबी न्युनीकरण गर्ने र दिगो विकासको लक्ष हाँसिल गर्न युवाहरूमा रहेको क्षमता र सीपको अधिकतम् उपयोग गर्ने गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा २ तथा मादी गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्न बनेको ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी **"अध्यक्षसँग युवा स्वरोजगार कार्यक्रम (युवा स्वरोजगार कोष) सञ्चालन कार्यविधि २०७५"** स्वीकृत गरी जारी गरिएको छ ।

मादी गाउँपालिका, कास्की

# परिच्छेद-१
# प्रारम्भिक

## १. संक्षिप्त नाम र प्रारम्भ :

क. यो कार्यविधिको नाम "**अध्यक्षसंग युवा स्वरोजगार कार्यक्रम (युवा स्वरोजगार कोष) सञ्चालन कार्यविधि २०७५"** रहेको छ ।

ख. यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषा : विषय र प्रसङ्गले अर्को नलागेमा यस कार्यविधिमा :-

विषय र प्रसङ्गले अर्को नलागेमा यस कार्यविधिमा :-

क. "अध्यक्षसँग युवा स्वारोजगार कार्यक्रम" भन्नाले : वैदेशिक रोजगारी तथा बढ्दो बसाँइसराइलाई न्युनीकरण गरी स्थानीय रोजगारीका अवसरहरूलाई प्रवर्द्धन गर्न अनुदानसहितको मादी गाउँपालिकाबाट कार्यविधिको अधीनमा रही सञ्चालित युवा स्वरोजगार कार्यक्रम सम्झनु पर्छ ।

ख. "युवा स्वरोजगार कोष" भन्नाले : गाउँपालिकाभित्रका लगानी क्षमता न्यून भएका तथा नभएका युवा शक्तिलाई स्वरोजगार बनाउने गरी पहिलो वर्ष गाउँपालिकाबाट स्वरोजगार कोषमा रु ५० लाख जम्मा गरी खडा (स्थापना) गरिएको कोषलाई सम्झनु पर्छ ।

ग. "कार्यविधि" भन्नाले : मादी गाउँपालिकाअर्न्तगत सञ्चालित "अध्यक्षसँग युवा स्वरोजगार कार्यक्रम (युवा स्वरोजगार कोष) सञ्चालन कार्यविधि २०७५" लाई सम्झनु पर्दछ ।

घ. "समिति" भन्नाले : गाउँपालिकाभित्र गठित युवा स्वरोजगार कोष सञ्चालक समिति भन्ने सम्झनु पर्दछ ।

ङ. "परियोजना" भन्नाले : युवा स्वारोजगार कार्यक्रमको लागि तयार पारिएको प्रस्ताव बुझ्नु पर्दछ ।

च. "कार्यक्रमका लक्षित वर्ग" भन्नाले : गाउँपालिकाभित्र स्थायी बसोबास गर्ने १८ देखि ४० वर्ष भित्रका लगानी क्षमता न्यून भएका युवा वर्ग भनी बुझ्नु पर्दछ ।

छ. "अनुदान" भन्नाले : गाउँपालिकाभित्र परियोजना सञ्चालन गर्ने गरी छनौट भएका युवाहरूलाई प्रदान गरिने रु २ लाखसम्मको नगद तथा जिन्सी भन्ने बुझ्नु पर्दछ ।

मादी गाउँपालिका, कास्की

३. **कार्यक्रमको उद्देश्य तथा प्रभाव :** यस कार्यक्रमको मुख्य उद्देश्य मादी गाउँपालिकाभित्रका युवाहरूलाई स्थानीय रूपमा नै रोजगारीका अवसर सिर्जना गराई गाउँ छाडेर विदेश या देशभित्रका अन्य भागमा जानुपर्ने वाध्यताबाट मुक्त गराउनु रहेको छ । भने प्रभावहरू तपसिल बमोजिम हुने छन् ।

- कार्यक्रम सञ्चालन भएपछि युवाहरू आफ्नै गाउँ ठाउँमा स्वरोजगार हुने छन् ।
- युवाहरूमा उद्यमशीलता बढ्ने छ ।
- नयाँ पुस्तामा गाउँमै अवसरहरू प्राप्त छन् भन्ने सन्देश प्रवाहित हुने छ ।
- युवा वर्गको पलायन रोकिने छ ।
- स्थानीय स्रोतको उच्चतम प्रयोग भई समग्र ग्रामीण अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने छ ।

## परिच्छेद-२
## समिति गठन :

४. १. कोष संचालक समिति : (१) अध्यक्षसँग युवा स्वरोजगार कार्यक्रम (युवा स्वरोजगार कोष) सञ्चालनका लागि गाउँपालिका अध्यक्षको नेतृत्वमा तपसिल बमोजिमको स्वरोजगार कोष सञ्चालक समिति गठन गरिने छ ।

- गाउँपालिकाका अध्यक्ष संयोजक
- गाउँपालिका उपाध्यक्ष सह-संयोजक
- अर्थिक विकास समिति संयोजक सदस्य सदस्य
- गाउँपालिका प्रमुख प्रशासकिय अधिकृत सदस्य
- गाउँपालिकाका लेखा अधिकृत सदस्य सचिव

२. प्रस्तावहरूको मूल्याङ्कन तथा स्वीकृति समति : अध्यक्षसँग युवा स्वरोजगार कार्यक्रम (युवा स्वरोजगार कोष) सञ्चालनका लागि गाउँपालिकाका अध्यक्षको नेतृत्वमा तपसिल बमोजिमको स्वारोजगार कोषमार्फत् अनुदान वितरण तथा अनुगमनको तपसिल बमोजिमको प्रस्ताव मूल्याङ्कन तथा छनौट समिति गठन गरिने छ ।

- गाउँपालिका अध्यक्ष सयोजक

मादी गाउँपालिका, कास्की

- अध्यक्षले मनोनित गरेका वडा अध्यक्ष १ जना    सदस्य
- अध्यक्षले मनोनित गरेका महिला वा दलित वडा सदस्यमध्ये बाट १ जना,    सदस्य
- अध्यक्षले मनोनित गरेका नागरिक समाजका प्रतिनिधि १ जना    सदस्य
- गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत    सदस्य सचिव

३. अनुगमन सम्बन्धी व्यवस्था : अध्यक्षसँग युवा स्वरोजगार कार्यक्रम (युवा स्वरोजगार कोष) सञ्चालन कार्यक्रमबाट छनौट भई उद्यमी (स्वरोजगार बनेका) युवाहरूले अनुदानको रकमको दुरूपयोग गरे नगरेको विषयमा अनुगमन गर्नको लागि तपसिल बमोजिमको अनुगमन समिति गठन गरिने छ ।

- गाउँपालिका उपाध्यक्ष वा निजले तोकेको व्यक्ति १ जना    संयोजक
- अध्यक्षले तोकेको व्यक्ति १ जना    सदस्य
- प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी १ जना    सदस्य
- सम्बन्धित समितिको प्रतिनिधि १ जना    सदस्य
- उद्यमी रहेको वडाका वडा अध्यक्ष    सदस्य

मादी गाउँपालिका, कास्की

## परिच्छेद-३
## कार्यक्रम संचालन प्रकिया :

५. **प्रस्ताव आह्वान :** (१) १८ वर्ष पूरा भई ४० वर्ष ननाघेका युवाहरूले स्वरोजगार कोषबाट अनुदान प्राप्त गरी स्वरोजगार बन्ने कार्यक्रममा सहभागी हुन इच्छुक युवाहरूको लागि स्थानीय सञ्चार माध्यम, पत्रपत्रिकामा सूचना प्रकाशित गरी गाउँपालिकामा पेस गर्ने गरी प्रस्ताव आह्वान गरिने छ। प्रस्ताव आह्वानको सूचना अनुसूची-१ बमोजिम स्थानीय स्तरको दैनिक पत्रिकामा/स्थानीय पत्रिकामा वा कार्यालयहरूले ३५ दिने सूचना प्रकाशन गर्ने छन् । साथै अनुदान सहयोग प्राप्त गर्नको लागि दिइने आवेदन पत्र तथा सङ्क्षिप्त कार्ययोजना प्रस्ताव क्रमश: अनुसूची २ र ३  बमोजिमको ढाँचामा हुनुपर्ने छ ।

(२) सूचना सार्वजनिक भएको ३५ दिनभित्र यस्तो कार्यक्रममा सहभागी हुन चाहने युवाले आफूले गर्न चाहेको काम, पेसा, व्यवसाय खुलाएर, त्यसको अनुमानित लागत, थप रकम आवश्यक पर्ने भए त्यसको स्रोत, सम्भावित आयसमेत खुलाएर वडाध्यक्षको सिफारिससहित आवेदन दिनुपर्ने छ ।

(३) यस्तो निवेदनउपर आवश्यक छानबिन गरी उचित ठहरिएका निवेदक युवाहरूलाई सामूहिक रूपमा भेला गरी कार्यक्रमको उद्देश्य र सञ्चालन विधिबारे जानकारी गराइने छ ।

(४) तोकिएको सङ्ख्याभन्दा बढी आवेदन पर्न आएमा पहिलो आउनेलाई प्राथमिकता दिने आधारमा अनुदान दिइने छ ।

(५) कार्यक्रममा सहभागिताका लागि आवेदन दिने युवा मादी गापाको स्थायी बासिन्दा हुनुपर्ने छ भने सहभागिको उमेर १८ बर्षदेखि ४० बर्षभित्र हुनुपर्ने छ ।

(६) यस कार्यक्रम अन्तर्गत सहभागी युवाले परियोजना यसै गाउँपालिकाभित्र मात्रै सञ्चालन गर्न पाउने छन् ।

(७) रोजगार सम्बन्धी काम र योजनाका लागि गाउँपालिकाबाट एक पटक आर्थिक अनुदान लिइसकेको व्यक्ति यो योजनामा सामेल हुन पाउने छैन ।

## परिच्छेद-४
## विविध :

६. **प्राथमिकता दिनुपर्ने :** कार्यक्रममा सहभागिताका लागि उसको वर्गिय अवस्थाअनुसार प्राथमिकता तोकिने छ । यस्तो वर्ग विश्लेषणको आधार विज्ञहरूको समूहले गरेको आर्थिक स्तरीकरण सर्भेक्षण (गाउँपालिका प्रोफाइल) का आधारमा हुने छ। गाउँपालिकामा समग्रमा विपन्न र धनी वर्गको तुलनामा निम्न मध्यम वर्गको परिवार सङ्ख्या बढी भएकोले निम्न अनुसार प्राथमिकता तय गरिने छः

- विपन्न वर्गबाट २५ प्रतिशत
- निम्नमध्यम वर्गबाट ५०प्रतिशत
- मध्यम तथा धनी वर्गका सदस्य मध्येबाट २५ प्रतिशत कार्यक्रममा समावेशी प्रतिनिधित्व होस् र महिलाहरूको कम्तीमा ३३ प्रतिशत सहभागिता सुनिस्चित होस् भन्नेमा गाउँपालिका सचेत छ ।

मादी गाउँपालिका, कास्की

७. अनुदान भुक्तानी प्रक्रिया :

- प्राप्त आवेदनहरूको परीक्षणपछि तत्काल उपयुक्त देखिएका परियोजनाका लागि एक साताभित्रै पहिलो किस्ता (२५ हजार रूपैयाँ) प्रदान गरिने छ ।
- कामको प्रगतिको आधारमा बाँकी रकम तीन महिनाभित्र प्रदान गरिने छ ।
- परियोजना प्रस्ताव ल्याएका तर परियोजनाका विविध पक्ष बारे आवश्यक ज्ञान र सूचना कम भएका आवेदकका हकमा गाउँपालिकाले अभिमूखीकरण तालिम प्रदान गर्ने छ ।
- सिप सिकेर काम गर्ने चाहना राख्ने आवेदकका हकमा गाउँपालिकाले विभिन्न सङ्घ या संस्थाहरूको सहयोगमा आवस्यक तालिमको व्यवस्था गरेपछि मात्र यस्तो अनुदान उपलब्ध गराउने छ ।

८. वडागत अनुगमन : कोष सञ्चालक समितिले कार्यक्रम अनुगमनका लागि वडा समितिलाई निर्देशन गर्ने छ । सम्बन्धित वडा अध्यक्षको नेतृत्वको समितिले अनुदान लिइएको परियोजनाको अनुगमन गरी गाउँपालिका अध्यक्षलाई प्रतिवेदन दिने छ ।

९. स्वरोजगार कोषमा योगदान गर्नुपर्ने : ……✂…

१०. दुरुपयोग हुनबाट रोक्ने : यस्तो अनुदान दुरूपयोग हुनबाट रोक्न गाउँपालिकाले उपयुक्त उपायहरू अपनाउन सक्ने छ। यसरी अनुदान लिएर दुरूपयोग गर्नेका हकमा निजलाई गाउँपालिकाले दिने सुविधाबाट बञ्चित गर्न सकिने प्रावधानसहित उल्लेख गरेर करारपत्रमा हस्ताक्षर गर्न लगाइने छ ।

११. अवधि : यस्तो स्वरोजगार कार्यक्रमको प्रभावकारिता हेरी कोष सञ्चालक समितिको सिफारिसमा गाउँपालीकाले कार्यक्रम स्थगित गर्न सक्नेछ ।

१२. प्रचलित कानुन लागु हुने : कार्यक्रम कार्यन्वयनको सम्बन्धमा प्रचलित कानुनमा उल्लेख भएकोमा सोहीबमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिम कार्यन्वयन हुने छ ।

१३. कार्यविधि संसोधन तथा परिमार्जन : मादी गाउँपालिकाले यस कार्यविधिमा आवश्यक परिमार्जन एवंम संसोधन गर्न सक्ने छ ।

मादी गाउँपालिका, कास्की

……✂… **संशोधनबाट झिकिएको ।**

# अनुसूची - १

## (दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

## अध्यक्षसँग युवा स्वरोजगार कार्यक्रम, युवा स्वरोजगार कोषबाट स्वरोजगार कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचनाको ढाँचा

### अध्यक्षसँग युवा स्वरोजगार कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : ................................... यस कार्यालयको आ.व. २०..../....... को वार्षिक स्वीकृत कार्यक्रमअनुसार युवाहरूलाई अध्यक्षसँग युवा स्वरोजगार (युवा स्वरोजगार कोष) मार्फत् स्वरोजगार प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुँदा इच्छुक १८ देखि ४० वर्ष उमेरमा अर्ध बेरोजगार/बेरोजगार यस गाउँपालिकामा स्थायी बसोबास गर्ने युवाहरूले पेस गर्ने गरी यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३५ दिनभित्र तोकिएको ढाँचामा अनुसारको आवेद फाराममा दरखास्त दिनुपर्ने छ । पुनश्चः आवेदन साथ तपसिल अनुसारका कागजहरू सङ्लग्न राख्नसमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

१. अनुसूची २ अनुसारको आवेदन फाराम
२. अनुसूची ३ अनुसारको सङ्क्षिप्त कार्य योजना
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
४. अन्य प्रमाणित प्रमाण पत्रहरू (तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौता पत्र आदि) को प्रतिलिपिहरू
५. कार्यविधि गाउँपालिकाको वेवसाईट : www.madimunkaski.gov.np मा हेर्न सकिने छ ।
६. थप जानकारीका लागि सम्पर्क : ९८५६०७२६००, ९८५६०७२६०१ र इमेल : madiruralmuncipality@gmail.com, madimunkaski@gmail.com

नोट : यस सूचनामा उल्लेख भएबाहेकका विषयमा प्रचलित कानुन र गाउँ कार्यपालिकको निर्णय बमोजिम हुने छ ।

मादी गाउँपालिका, कास्की

# अनुसूची - २

## (दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

## अध्यक्षसँग युवा स्वरोजगार कार्यक्रम, युवा स्वरोजगार कोषबाट अनुदान सहयोग प्राप्त गर्नको लागि दिइने आवेदन पत्र

श्रीमान् कार्यालय प्रमुखज्यु, मादी गाउँपालिका गाउँ कार्यपालिकाको
कार्यालय थुमाकोडाँडा, कास्की ।

विषय : अनुदान सहयोग उपलब्ध गराइदिने बारे ।

महोदय, मलाई उक्त अनुदान सहयोग प्राप्त गरी ............... कार्य गर्न तीव्र ईच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रक्रियाअनुसार सम्बन्धित गाउँपालिकाभित्रै रही कार्य गर्ने छु । पुनश्च : तपसिल अनुसारका कागजातहरू यसै निवेदन साथ सङ्लग्न राखेको व्यहोरासमेत अनुरोध गर्दछु ।

तपसिल :

१. अनुसूची ३ अनुसारको सङ्क्षिप्त कार्य योजना
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
३. गर्न चाहेको पेसा व्यवसाय सम्बन्धित निकायामा दर्ता भएको प्रमाणको प्रतिलिपि
४. अन्य प्रमाणित प्रमाण पत्रहरू (तालिम, शैक्षिक योग्यता, अनुभव, घरजग्गा भाडा सम्झौता पत्र आदि) को प्रतिलिपिहरू
५. वैदेशिक रोजगारबाट फर्केका युवाहरूको हकमा पासपोर्टको प्रतिलिपि
६. परियोजनाको प्राविधिक तथा आर्थिक प्रस्ताव
७. पर्यावरिणीय असरको न्यूनीकरण गर्ने उपाय र जैविक सुरक्षा सम्बन्धी विवरण
८. कार्यक्रम कार्यान्वयन गर्ने प्रतिबद्धता

निवेदक
नाम :
दस्तखतः
ठेगाना :

मादी गाउँपालिका, कास्की

# अनुसूची - ३

## (दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

## अध्यक्षसँग युवा स्वरोजगार कार्यक्रम, युवा स्वरोजगार कोषबाट अनुदान प्राप्त गर्नको लागि पेस गरिने सङ्क्षिप्त व्यावसायिक कार्य योजना :

गर्न चाहेको पेशा व्यवसायको नाम :

सम्पर्क नम्वर :

ठेगाना : कास्की जिल्ला मादी गाउँपालिका वडा नं. .. टोल : ............
पेसा/व्यवसाय गरिने स्थान :
व्यवसायिक हुन गरिने पेसा/व्यवसायको कार्य विवरण :

| क्र.स. | सञ्चालन गरिने क्रियाकलाप | अपेक्षित अनुदान सहयोग (रु.) | निजी लगानी (रु.) | जम्मा लगानी (रु.) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

पेसा व्यवसाय गर्ने व्यवसायीले न्यूनतम अनुदान रकम बराबरको रकम प्रस्तावित योजनामा समावेश गर्नुपर्ने छ ।

१. व्यवसाय विगत कति वर्षदेखि निरन्तर गरिरहेको हो : वर्ष ....... महिना ...........

२. पेसा/व्यवासयाको किसिम :

३. पेसा/व्यवसायको कुल लागत :

४. पेसा/व्यवसायवाट लाभान्वित परिवार संख्या :

५. पेसा/व्यवसाय गरेको जग्गा को कुल क्षेत्रफल :

६. पेसा/व्यवसायका प्रयोग हुने प्रविधि : ९. पेसा/व्यवसायको लागि श्रमको व्यवस्थान : क. पारिवारिक : महिला सङ्ख्या : ........., पुरुष सङ्ख्या : ..........
ख. बाहिरबाट : महिला सङ्ख्या : ..........., पुरुष सङ्ख्या : ..............
१०. उत्पादित वस्तुको बजार : अपेक्षित वार्षिक प्रतिफल : स्वरोजगार कोषबाट अनुदान प्राप्त गर्ने तर्फबाट सही गर्ने :

नामः संस्थाको छाप : दस्तखत
: मिति :

मादी गाउँपालिका, कास्की

# अनुसूची - ४
## अध्यक्षसँग युवा स्वरोजगार कार्यक्रम, युवा स्वरोजगार कोषबाट अनुदान प्राप्त गर्ने युवासँग कार्यक्रम सञ्चालनको लागि गरिने सम्झौता-पत्र :

मादी गाउँपालिका मार्फत् सञ्चालन गरिने चालु आ.व. ............. को स्वीकृत अध्यक्षसँग युवा स्वरोजगार कार्यक्रम सञ्चालन गर्ने मादी गाउँ कार्यपालिकाको कार्यालय (यसभन्दा पछाडि पहिलो पक्ष भनिने), विशिष्टताको आधारमा छनौट भएका युवा श्री/सुश्री/श्रीमती ............................................... (यसभन्दा पछाडि दोस्रो पक्ष भनिने) बिच तपसिलका कार्यक्रम सञ्चालनका लागि द्विपक्षीय सम्झौता गरी बुझिलियौं/दियौं ।

१. पहिलो पक्षले दोस्रो पक्षलाई व्यवसाय सञ्चालनको लागि कार्य योजना अनुसार २ किस्तामा/कार्यविधि अनुसार सामग्री वा सोझै नगद/ड्राफ्ट/चेक अनुदान स्वरूप उपलब्ध गराउने छ ।
२. दोस्रो पक्षले पहिलो पक्षबाट आफू स्वरोजगार हुनको लागि अवलम्बन गर्ने पेसा व्यवसायको लागि आवश्यक प्राविधिक जानकारी प्राप्त गरी आफूले आवेदन गरे अनुसारको ...................................................... व्यवसाय सञ्चालन गर्ने छ ।
३. पहिलो पक्षले नियमित रूपमा व्यवसाय सञ्चालन गरे नगरेको अनुगमन गर्ने छन् ।
४. यस सम्झौतामा उल्लेखित काम गर्दा आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप तथा अन्य आकस्मिक विपद्मा पहिलो पक्ष जिम्मेवार हुने छैन ।
५. यस सम्झौतामा उल्लेख भएभन्दा अन्य व्यहोराको हकमा प्रचलित कानुन बमोजिम हुने छ ।

पहिलो पक्ष दोस्रो पक्ष
मादी गाउँपालिकाको तर्फबाट युवा उद्यमीको तर्फबाट
नाम : नाम : पद
: पद : दस्तखत :
दस्तखत : मिति :
मिति :
सम्पर्क फोन नं.: सम्पर्क फोन नं.: कार्यालयको छाप :
औंठाको छाप :
दायाँ बायाँ

## अनुसूची - ५

## अध्यक्षसँग युवा स्वरोजगार कार्यक्रम, युवा स्वरोजगार कोषबाट अनुदान प्राप्त गर्ने युवा छनौट गर्दा अपनाइने मूल्याङ्कनका आधारहरू :

| क्र.सं. | द.नं. | आवेदकको नाम | ठेगाना | प्रस्तावित कार्य योजना (४०) | पेसा, व्यवसायको सम्भाव्यता/ उपयुक्तता (२०) | अनुभव/तालिम (१०) | महिला (१०) | वैदेशिक रोजगारबाट फर्केको (१०) | जैविक तथा पर्यावरणीय सुरक्षा विधि (१०) | कूल प्राप्ताङ्क (१००) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |

मूल्याङ्कन समितिका पदाधिकारीहरूको :

नाम थर :
पद :
दस्तखत :
दस्तखत :
मिति :

नाम थर :
पद :
मिति :

नाम थर :
पद :
दस्तखत :
दस्तखत :
मिति :

नाम थर :
पद :
मिति :

**अनुसूची - ६**

## अध्यक्षसँग युवा स्वरोजगार (युवा स्वरोजगार कोष) कार्यक्रमबाट अनुदान प्राप्त गर्ने युवाहरूले प्रगति विवरण पठाउने फारामको ढाँचा

१. उद्यमी
नाम :
ठेगाना :

२. सञ्चालित पेसा/व्यवसायको
नाम :
ठेगाना :

३. आ.व. :
४. प्रगति प्रतिवेदन अवधि :

| क्र.स. | कार्य विवरण | लक्ष्य | प्रगति | आइपरेका बाधा अड्चन | समाधानको लागि सुझावहरू |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

प्रति इकाइ उत्पादित पदार्थको स्थानीय बजारको बिक्री मूल्य :
१. ................. २. .................... ३. ............................
उद्यमीको नाम :
दस्तखत :
मिति :
ठेगाना :

आज्ञाले,
युवराज अधिकारी
प्रमुख प्रशासकीय अधिकृत